# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, आषाढ ६ गते २०२३ साल

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालयको

सूचना

नेपाल बिशेष अदालत ऐन, २०१३ (संशोधनहरू सहित) को दफा २ र ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ ।

देहायका अध्यक्ष र सदस्यहरू भएको बिशेष अदालत गठन गरिएको छः–

(१) माननीय न्यायाधीश श्री मीनबहादुर थापा, सर्वोच्च अदालत – अध्यक्ष

(२) अञ्चल न्यायाधीश श्री त्रैलोक्यराज उप्रेती, बागमती अञ्चल अदालत – सदस्य

(३) प्र. जिल्ला न्यायाधीश श्री चन्द्रजङ्ग थापा, का. जी. अ. – सदस्य

जनकपुर निवासी रामसागर साहू, रामचन्द्र साहू, तथा किशोरी साहू समेतको आपसी झगडाले गर्दा सार्वजनिक तथा धार्मिक सम्पत्तिको हिनामिना र बिभिन्न कार्यमा बाधासमेत पर्न आएकोले सो सम्बन्धमा उजूरीसमेत लिई कारबाइ तथा किनारा लगाउन यस बिशेष अदालतलाई सुम्पिएको छ । सो विशेष अदालतले नेपाल अधिराज्यभर जहाँसुकै पनि आफ्नो इजलास कायम गर्न सक्ने छ ।

आज्ञाले–

विनोदप्रसाद धिताल

श्री ५ को सरकारको सचिव ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११५

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्रं लागु हुनेछ।

११६